अनुसूची–४

(बुँदा नं. ७.६ सँग सम्बन्धित)

*"सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर"*

# रामपुर नगरपालिका

रामपुर, पाल्पाको








## आर्थिक वर्ष २०८०।८१ को पहिलो चौमासिक

# सार्वजनिक सुनुवाई प्रतिवेदन

## सहजिकरण

## राष्ट्रसंचार मिडिया प्रा.लि.

तानसेन, पाल्पा

## कार्यकारी सारांश

सार्वजनिक सुनुवाई बाट ससरोकारवालाले कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । यसकारण विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रहरुले एक आर्थिक वर्षमा समग्र वजेट, योजना तथा कार्यक्रमहरुको वारेमा आम नागरिकलाई जानकारी गराई सेवाग्राहीहरुबाट प्रश्न र उत्तर खोज्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । भएका कामहरूले हासिल गरेका उपलब्धिको विश्लेषणबाट कार्य सम्पादन, अवस्थाको आंकलन गर्न सार्वजनिक सुनुवाई विधि प्रभावकारी भएको देखिन्छ । सार्वजनिक सुनुवाईको सैद्धान्तिक पक्षको अनुसरण, सार्वजनिक सुनुवाई कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो जिम्मेवारीको उत्तरदायित्व पूरा गर्न विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रहरुलाई टेवा पुग्ने गर्दछ र भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् ।

विभिन्न सरकारी क्षेत्रहरुले एक वर्षमा कम्तिमा ३ पटक (एक चौमासिकमा एक पटक) सार्वजनिक सुनुवाई गर्नुपर्ने पर्ने प्रावधान छ । यसैअनुसार स्थानीय सरकार संचालन ऐन २०७४ तथा सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अधिनमा रही रामपुर नगरपालिका, पाल्पाले आर्थिक वर्ष २०८०।८१ को पहिलो चौमासिकमा भएगरेका कामहरुको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरी, सेवाग्राहीहरुको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन गरी आम नागरिकहरुको उपस्थिततिमा सार्वजनिक सुनुवाई गरिएको छ ।

# विषयसूची


१. पृष्ठभूमि

२. सार्वजनिक सुनुवाईको उद्देश्य

३. कार्यक्रमको विवरण

४. अध्ययन विधि

३.१ सन्दर्भ सामाग्री समीक्षा र अध्ययन

३.२ नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन

३.३ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक प्रतिवेदनको तयारी

५. सार्वजनिक सुनुवाई

५.१ उपस्थिति

५.२ नागरिक प्रतिवेदन र बर्हिगमन अभिमतको प्रतिवेदन प्रस्तुती

५.३ खुला प्रश्नोत्तर

६. उठेका प्रश्न, जिज्ञासा र उत्तर

## १. पृष्ठभूमी

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ ।

सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७८ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिने गर्दछ ।

## २. कार्यक्रमको उद्देश्य

- नगरपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउदै सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेही बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमको बिस्तृत विवरण

१। कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई कार्यक्रम ।

२। संचालन गरिएको स्थान : रामपुर नगरपालिकाको प्राङ्गण ।

३। कार्यक्रम संचालनको भएको समय : २०८० पौष २२ गते आईतवार, दिउँसो १ वजेदेखी वेलुकी ५ वजेसम्म । (४ घण्टा)

**ख) कार्यक्रमको मुख्य कार्य तथा प्रक्रियाहरु :**

**१) सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा समिक्षा**

- स्थानीय सरकार संचालन ऐन २०७४
- स्थानीय सरकार संचालन कार्यविधि ।
- सार्वजनिक सुनुवाई कार्यविधी २०६७ ।
- नगरपालिकाको लक्ष्य, उदेश्य, कार्ययोजना र कार्यक्रमहरु ।

**२) सार्वजनिक सूचना प्रवाह :**

रामपुर नगरपालिका संगको समन्वयमा २०८० पौष २२ गते सार्वजनिक सुनुवाई गर्ने भनी मिति तय भईसकेपछी सस्थाले रेडियो पाल्पा, रामपुर एफ एम, पृब्वी टेलिभिजन र कटुवाल खवल अनलाई लगायतका संचारमाध्यमहरुबाट, नगरपालिकाको आफ्नै वेभ पोर्टल र फेसबुक पेजबाट तथा अन्य सामाजिक संजालको माध्यमबाट आम नागरिकहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीको लागि आह्वान गरेको थियो । साथै रामपुर नगरपालिकाका जनप्रतिनिधिहरु, शाखा प्रमुख तथा कर्मचारीहरु, रामपुर स्थित विभिन्न अन्य सेवाप्रदायक कार्यालयहरु ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय, सबडिभिजन वन कार्यालय, रामपुर अस्पताल, मालपोत कार्यालय लगायतका कार्यालयहरुलाई टेलिफोनको माध्यमबाट खवुर गरिएको थियो ।

**३) सिटिजन रिपोर्ट कार्ड र एक्जिट पोल संकलन ।**

यस नगरपालिकाका १० वटै वडाहरुमा रहेका सेवाग्राहीलाई सम्बन्धित वडाहरुमै भेटेर सिटिजन रिपोर्ट र एक्जिट पोल, सार्वजनिक सुनुवाई कार्यविधिको निर्धारित ढाचामा अनुसूची २ र ३ मा उल्लेख भएको ढाँचामा फर्म भरी प्रश्न र सुझावहरु संकलन गरिएको थियो । यस अर्न्तगत यस रामपुर नगरपालिकाका सबै १० वटा वडाहरुमा पुगेर १ सय १० जना नागरिकहरुलाई प्रतक्ष्य भेटेर अनुसूची २ र ३ अनुसारको तथ्याङ्कहरु संकलन गरिएको थियो ।

**४) प्रारम्भिक प्रतिवेदनको तयारी :**

सबैवडाहरुबाट प्राप्त भएका सिटिजन रिपोर्ट र एक्जिट पोलको निर्धारित ढाचामा भरिएका फर्महरुलाई विश्लेषण र एकिकृत गरी निर्धारित ढाँचाको प्रारम्भिक प्रतिवेदनको तयारी गरिएको थियो । जसलाई सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना भएको दिन प्रस्तुत गरिएको थियो ।

## ५) सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना ।

*माथी उल्लेखित कार्यहरु र प्रक्रिया पुरा गरिसकेपछी तोकिएको मितिमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना भएको छ । जसमा तपसिलका प्रक्रिया अनुसारका कार्यहरु संचालन भएका थिए ।*

## सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :

***क) संचालन तथा सहजिकरण :*** सहजिकरण गरेको संस्था राष्टसंचार मिडिया प्रा.लि. तानसेनको तर्फबाट सहजकर्ता ***श्री विष्णु प्रसाद घिमिरेले*** सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित तथा मर्याधित बनाउन सार्वजनिक सुनुवाई कार्यविधिले तोकेको ढाँचामा तपसिल अनुसारको सहजिकरण गर्नुभयो ।

| क्र.सं. | भूमिका | नाम,थर |
|---|---|---|
| १ | सहजिकरण । संचालन | विष्णु प्रसाद घिमिरे |
| २ | अध्यक्ष्यता | बालकुमारी थापा, उपमेयर |
| ३ | सेवा प्रदायकहरु | सूर्यदर्शन पण्डित, प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सेवा प्रदायकहरु | कपिल खाँड, प्रवक्ता |
| ५ | सेवा प्रदायकहरु | १० वटै वडामा वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरसभाका सदस्यहरु, नगर सल्लाहकारहरु, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय, सबडिभिजन वन कार्यालय, रामपुर अस्पताल, मालपोत कार्यालयका प्रतिनिधिहरु, शाखा प्रमुख तथा कर्मचारीहरु । |
| ६ | पर्यवेक्षकहरु | पत्रकार तथा अन्य सामाजिक संघसंस्थाका प्रतिनिधिहरु |
| | | |

***ख) सेवा प्रदायकको प्रतिवेदन प्रस्तुती :*** आर्थिक वर्ष २०८०।८१ मा रामपुर नगरपालिका पाल्पाले सम्पन्न गरेका वजेट, योजना तथा कार्यक्रमहरुको प्रगती प्रतिवेदन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले प्रस्तुत गर्नुभएको थियो ।

***ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुती :*** *सार्वजनिक सुनुवाईको सहजिकरण गर्ने* सस्थाले सेवाग्राहीहरु संग भेटेर गरिएको सिटिजन रिपोर्ट कार्ड र एक्जिट पोल सम्वन्धीको प्रारम्भिक प्रतिवेदन तपसिलको ढाँचामा प्रस्तुत गरेको थियो ।

सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर”

**रामपुर नगरपालिका**

**पाल्पाको**

# सार्वजनिक सुनुवाई

## प्रारम्भिक प्रतिवेदन/सुनुवाई

**२०८०।०९।२२**

**सहजिकरण**

**राष्ट्रसंचार मिडिया प्रा.लि.**

## सार्वजनिक सुनुवाईका चरणहरु

- **नगरपालिकाले संचालन गरेका वजेट, योजना, कार्यक्रम तथा नीतिगत व्यवस्थाहरुको अध्ययन ।**
- **सार्वजनिक सुनुवाई कार्यविधि २०६७, रामपुर नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यशर्त, आर्थिक प्रशासन ऐन, स्थानीय सरकार संचालन ऐन लगायतका संर्दभ सामाग्रीहरुको अध्ययन ।**
- **व्यक्तिगत तथा समूहगत छलफल, अवलोकन, अर्न्तवाता र प्रश्नावली ।**
- **नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत Exit Poll संकलन ।**
- **अध्ययन, विश्लेषण र अन्तिम प्रतिवेदन तयारी र सार्वजनिक ।**

## अभिमत संकलन

सार्वजनिक सुनुवाईको कार्यविधिमा भएको

अनुसुची २ अनुसारको

नागरिक प्रतिवेदन **Citizen Report Card**

११० जनालाई

अनुसुची ३ अनुसारको

बर्हिगमन अभिमत **Exit Poll**

५० जनालाई फर्म भरिएको थियो।

---

अनुसूची २

बुँदा नम्बर ३.६.१ सँग सम्बन्धित


नागरिक प्रतिवेदन

**Citizen Report Card**

सन्तुष्टि वा असन्तुष्टि जनाउने


# १. सेवाको सन्तुष्टी

१.१ तपाईले यस कार्यालयको सेवाबाट समग्रमा कत्तिको सन्तुष्टि पाउनुभयो ?





# १. सेवाको सन्तुष्टी

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति कत्तिको सन्तुष्ट हुनुभयो ?



# २. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भएअनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको संन्तुष्ट हुनुहुन्छ ?




# २. सेवाको नियमितता

२.२ कार्यालय नियमित रुपमा कर्मचारीको उपस्थिती, समयपालना, कार्यचुस्तता संचालन भएको छ भन्ने कुरामा तपाई कत्तिको विश्वस्त हुनुहुन्छ ?




## २. सेवाको नियमितता

२.३ तपाँईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?




## २. सेवाको नियमितता

२.४ यस कार्यालयले सार्वजनिक चासो र समस्या समाधानका लागि औसत कति समय लगाउने गरेको छ ?




# ३. सेवाप्रतिको जनविश्वास

३.१ यस सस्थाले दिने सेवाप्रति तपाँई कत्तिको विश्वस्त हुनुहुन्छ ?





# ३. सेवाप्रतिको जनविश्वास

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको वारेमा अरुलाई जानकारी गराई कत्तिको जानकारी दिने गर्नुभएको छ ?



# ३. सेवाप्रतिको जनविश्वास

३.३ यस कार्यालयमा कार्यरत कर्मचारीहरु प्रति तपाँईको विश्वास कत्तिको छ ?




# ३. सेवाप्रतिको जनविश्वास

३.४ यस कार्यालयले विपन्न वर्गको लागि सेवाप्रवाहमा कत्तिको ध्यान दिएको जस्तो लागेको छ ?



## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्टि हुनुहुन्छ ?





## ४. सेवाको गुणस्तर

४.२ तपाँई यस कार्यालयमा सेवा लिन आउँदा कसैको सहयोग लिनुभयो ?



# ४. सेवाको गुणस्तर

४.३ यस कार्यालयमा तपाँईले एउटा कामको लागि कतिपटक धाउनुपरयो ?




# ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?



## ५. सेवा सम्बन्धी जानकारी


५.२ कार्यालय भएको नागरिक वडापत्र वारे तपाँईलाई जानकारी छ ?





## ५. सेवा सम्बन्धी जानकारी


५.३ कार्यालय र सेवाग्राही बीचमा सम्बन्ध कस्तो छ ?




## ५. सेवा सम्बन्धी जानकारी

५.४ संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिती कति प्रतिशतसम्म हुने गरेको छ ?




## ६. नागरिक वडापत्र, उजुरीपेटीका र गुनासो सुन्ने अधिकारी सम्बन्मा

६.१ तपाँईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गर्ने गरेका छन् ?



## ६. नागरिक वडापत्र, उजुरीपेटीका र गुनासो सुन्ने अधिकारी सम्बन्मा

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक वडापत्र अनुरुप कतिहदसम्म सेवा प्रदान गर्ने गरेका छन् ?




## ६. नागरिक वडापत्र, उजुरीपेटीका र गुनासो सुन्ने अधिकारी सम्बन्मा

६.३ तपाँईको विचारमा उजुरी पेटीकाको उपयोग कुनहदसम्म भएको छ ?



# अनुसूची ३

## बुँदा नम्बर ३.४.१ सँग सम्बन्धित


## बर्हिगमन अभिमत

## Exit Poll

सेवा लिएर फर्किएका सेवाग्राहीलाई सोधिने


## बर्हिगमन अभिमत Exit Poll

१. यस कार्यालयको कामको लागि आउनुभएको हो कि अन्य कामको लागि ?



## बर्हिगमन अभिमत Exit Poll

### २. कार्यालयमा कुन कामको लागि आउनुभएको थियो ?




## बर्हिगमन अभिमत Exit Poll

| | | | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को संग सम्पर्क गर्ने भन्नेमा स्पष्ट जानकारी भयो ? | अति स्पष्ट २७ | ठीकै १९ | अस्पष्ट ४ |
| २ | सेवा प्रदायक कर्मचारीले तपाँईको आवश्यकता र अपेक्षा कति वुझेजस्तो लाग्यो ? | अति धेरै ३१ | ठीकै १२ | थोरै ७ |
| ३ | तपाँई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण ३७ | ठीकै ९ | अष्पष्ट ४ |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरुबारेमा कर्मचारीले स्पष्ट जानकारी दिए ? | अति स्पष्ट १४ | ठीकै ३२ | अस्पष्ट ४ |

## बर्हिगमन अभिमत Exit Poll

| ५ | तपाँईले राख्नुभएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|---|---|
| | | २१ | २९ | ० |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो | ठीकै | झन्झटिलो |
| | | २९ | १४ | ७ |

## बर्हिगमन अभिमत संकलनका क्रममा नागरिकले व्यक्त गरेका राम्रा पक्षहरु

कर्मचारीहरु र जनप्रतिनिधिहरुको व्यवहार राम्रो छ ।
कार्यालयमा सेवाप्रवाह सहज छ ।
कार्यालयहरु प्रविधियुक्त छन् जसका कारण सेवाप्रवाहमा सहज भएको छ ।
कार्यालयको भौतिक अवस्था राम्रो छ ।
कृषकहरुले वीउ, विजनहरु प्राप्त गर्ने गरेका छन् ।
प्राविधिकहरुले स्टेमेट समयमै गर्ने गरेका छन् ।
कार्यालय व्यवस्थापन राम्रो छ ।

## नागरिकले व्यक्त गरेका सुझावहरु ।

रामपुरको वजार क्षेत्रलाई सरसफाईमा ध्यान दिनुपर्ने ।
नगरसरकारको प्रवेशद्धार राख्नपाए हुने ।
कागजपत्रको सहजिकरण आवश्यक छ । कार्यालय छिर्नासाथ ।
योजनाको अनुगमन र मूल्यालकन समयमै गर्न आवश्यक ।
आयव्यय विवरण सूचना टाँस गर्नुपर्ने । वजेट किताव नागरिकको हात हातमा ।
कृषकहरुलाई तालिम र सहजिकरण दिनुपर्ने ।
कृषि मेला तथा कृषक प्रोत्साहन कार्यक्रम गर्नेुपर्ने
सहकारीशाखालाई छुटटै व्यवस्थापन ।
कृषकको खेतवारीमा प्राविधिकहरु पुग्ने वातावरण गर्नुपर्छ ।
योजना सम्झौताका लागि पहल गर्न आवश्यक । योजना पर्‍यो तर सम्झौता गर्न आउँदैनन् ।

## अघिल्लो सार्वजनिक सुनुवाईका
## महत्वपूर्ण विषयहरु

## अघिल्लो सार्वजनिक सुनुवाईका महत्वपूर्ण विषयहरु

| क.सं. | उठान भएका विषयहरु |
|---|---|
| १ | वजारक्षेत्रको फोहर व्यवस्थापन र नाली व्यवस्थापन । |
| २ | समयमै योजना सम्झौता र फरफारक नहुनु । |
| ३ | वजार अनुगमनमा स्वास्थ्य संस्था । |
| ४ | शीत भण्डारको समस्या । |
| ५ | आम्दानी खर्च वेभसाईट मार्फत सार्वजनिक । |

## अघिल्लो सार्वजनिक सुनुवाईका महत्वपूर्ण विषयहरु

| क.सं. | उठान भएका विषयहरु |
|---|---|
| ६ | व्यवसायीलाई आर्थिक मन्दी अनुसारको कर । |
| ७ | भीर, पाखा (ग्रामिण क्षेत्रका) जमिनलाई तिरोको सुविधा |

## *आचारसंहिताको पालना*

सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन प्रस्तुती पछी सहजकर्ताले तपसिलको आचारसंहिता सुनाई सबैलाई आचारसंहिताको पूर्ण पालना गर्न लगाइएको थियो ।

अनुसूची–४ (बुंदा नं. ७.८ संग सम्बन्धित)

### सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने

### आचार संहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

***घ) दोहोरो अर्न्तक्रिया :*** कार्यक्रममा उपस्थित नागरिकले सम्बन्धित क्षेत्रका सेवा प्रदायकहरुलाई प्रश्न र सेवा प्रदायकहरुबाट उत्तरको अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

## उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क.स | प्रश्नकर्ता, गुनासो गर्ने वा सुझाव दिनेको नामथर र ठेगाना | सहभागीको प्रश्न । गुनासो । सुझाव | जवाफ दिने पदाधिकारीको नम,थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | पुननारायण श्रेष्ठ, रा.न.पा ८ | सडकमा वेवारिसे मानिसहरु धेरै छन् यीनीहरुको व्यवस्थापन गर्नु परयो । | रमण बहादुर थापा, मेयर | रामपुरमा बेवारिसे मानिसहरु राख्ने ठाउँ छैन् । हामीले तानसेन नगरपालिकासंगको सहकार्यमा व्यवस्थापन गर्ने गरेका छौं । |
| २ | देवराज आचार्य रा.न.पा ८ | रातोमाटा, ढकालचौपारी मोटरबाटोको भुक्तानीमा वील नभईकन भुक्तानी कसरी भयो ? | रञ्जन न्यौपाने, प्राविधिक | रातमाटा ढकालचौपारी मोवामा नालीको भुक्तानी भएको छैन् । पाईपको रनिङ्ग विलको आधारमा भुक्तानी दिइएको । काम सम्पन्न नभएको कारण पटक पटक ताकेताको पत्र पठाइएपनि समति आएको छैन् । |
| ३ | अर्जुन श्रेष्ठ, रा.न.पा ५ | चालु आर्थिक वर्षमा पूँजीगत रकम खर्चमा किन ढिलाई भयो ? | सूर्यदर्शन पण्डित, प्रमुख प्रशासकीय अधिकृत | कामहरु संचालन भएको, प्रथम चौमासिक भएकाले पूँजीगत रकम खर्च प्रतिशत कमी भएको हो । अर्को चौमासिकमा पक्कै पनि पूँजीगत खर्च उल्लेख्य हुनेछ । |
| ४ | नरेन्द्र प्रसाद काफ्ले रा.न.पा ५ | नमुना बाटो रामपुर नगरपालिकाको सम्वन्धमा के भईरहेको छ ? | रञ्जन न्यौपाने, प्राविधिक | नमुना बाटो देखी करिडोर सम्मको कालोपत्रेमा इस्टमेटमा ३६६ मटिरमा ६ मिटर कालोपत्रे गर्ने भन्ने छ । |
| ५ | छम बहादुर दरै रा.न.पा ५ | नगरपालिकाको प्राङ्गणको डिपिआर भएको सुनेको थिए, काम किन हुन सकेन ? | रञ्जन न्यौपाने, प्राविधिक | डिपिआर भएको छ । ठेक्का यो आ.व. मा वजेट विनियोजन भएको छ । |
| ६ | सूर्य प्रसाद श्रेष्ठ रा.न.पा | नगरपालिकाको ग्रामिण भेगमा बादरको समस्या समाधानमा नगरपालिकाले के गर्न सक्छ ? | रमण बहादुर थापा, मेयर | रामपुरको ग्रामिण क्षेत्रमा बाँदरले समस्या पारिरहेको छ । हामीले यसका विकल्पहरुको प्रयोग गरिरहेका छौं ।नियन्त्रण गर्न प्रयास सफल हुन सकेको छैन् । |
| ७ | अर्जुन श्रेष्ठ, रा.न.पा | रामपुर नगरपालिकाको आफ्नै स्वागत गेट छैन, बनाउनुपरो ।<br>वजार क्षेत्रलाई सरसफाई गर्नुपरो । | रमण बहादुर थापा, मेयर | चालु आ.व. मा प्रवेशद्धारमा ३० लाख वजेट विनियोजन छ, कस्तो बनाउने भन्ने इस्टमेट भएको छैन् । छलफलमा छ । अव छिट्टै बन्छ । |
| ८ | शिव कुमार पौडेल, रा.न.पा ५ | औशि र पूर्णिमामा भएपनि पशुहरुको बधशाला बन्द गर्नुपरो । | कपिल खाँड, प्रवक्ता | बधसालालाई व्यवस्थित बनाउन लागेका छौं । कम्तिमा पनि मापदण्ड अनुसारको बनाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवसायीहरुसंग छलफल गर्नेछौं । |
| ९ | शालिकराम सिग्देल<br>रा.न.पा १ | पूँजीगत खर्च निकै न्यून देखियो, योजना सम्झौता र फरफारकलाई किन बढाउन सकिएन ? | कपिल खाँड, प्रवक्ता | अहिले दोश्रो चौमासिक छ । अगिल्लो चौमासिकको प्रतिवेदन भएकोले पनि कमी देखिएको हो । योजना तथा कार्यक्रमहरु सम्पन्नको चरणमा छन् ।यो चौमासिकमा पक्कै वढ्नेछ । |
| १० | आवाश भट्टराई,<br>रा.न.पा ६ | नगरपालिकाका सार्वजनिक कार्यक्रमहरु नगरपालिकाकै फेसबुक पेजबाट लाईभ गर्नुपरो ।<br>रामपुर अस्पतालमा एक्सरे मेसिन विग्रिएको धेरैभयो, नगरपालिकाले समन्वय गर्नुपरो ।<br>वजारमा पार्किनको समस्यालाई समाधान गर्नुपरो । | रमण वहादुर थापा, मेयर | नगरपालिकाका आफ्नै कार्यक्रमहरु पक्कै पनि हाम्रै पेजबाट पनि लाईभ गर्छौं । रामपुर नगरपालिका प्रदेश अर्न्तगत रहेकोले हामीले व्यवस्थापन गरेका छैनौं तर हाम्रा नागरिकलाई अप्ठेरो परेकोले हामीले यसको मर्मतका लागि अस्पताललाई भनेका छौं । वजारमा पार्किङ्ग समाधान गर्न केहि पहल सुरु गरेका छौं । आगामी दिनमा अझ समस्या समाधान गर्छौं । |
| ११ | सुन्दर देवकोटा,<br>रा.न.पा ६ | किसानहरु उँखु खेतीमा आर्कषित छन् । उनीहरुलाई मकै पिस्ने मेसिन जस्तै उँखु पेल्ने मेसिन अनुदानमा उपलब्ध गराउनुपरो ।<br>विभिन्न विद्यालयहरुमा विव्यस गठन हुन सकेको छैन् । नगरपालिकाको पहलमा विव्यस गठन गर्नुपर्छ ।<br>छिमेकी पालिकाहरुमा जस्तै किसानहरुलाई सहुलियत हुने खालका कार्यक्रमहरु ल्याउनुपर्ने । | शिक्षा शाखा<br><br>रमण वहादुर थापा, मेयर | विद्यालय व्यवस्थापन समिति गठनको समन्धमा, शिक्षा ऐन अनुसार गठन गर्ने हो, समुदायले गठन गर्ने हो, नगरपालिकाले अनुगमन गर्न सक्छ गठन स्वय अभिभावकहरुले नै गर्नुपर्छ । तर्दथ समिति गठन गरेर भएपनि हामीले दिने कार्यक्रमहरुको निरन्तरता दिएका छौं ।<br><br>यो मागमा आधारित कार्यक्रम हो, तपाईहरुको माग आएमा पक्कै पनि हामीले उँखु पेल्ने मेसिनको व्यवस्था गर्छौं । मेयर । |
| १२ | जगन्नाथ कंडेल,<br>रा.न.पा ६ | गतवर्ष अपाङ्गता भएकाहरुको लागि कार्यक्रम किन नभएको ? यस सम्बन्धी वजेट बढाउनुपर्ने । | पूजा परियार, महिला तथा वालवालिका शाखा | गत वर्ष पनि अपाङ्गता भएकाहरुको लागि कार्यक्रम भएको हो, यहाँले जानकारी नपाउनुभएको हुनसक्छ । यो आ.व.मा पनि कार्यक्रम सुरु भएको छ । |
| १३ | महेश कुमार पौडेल,<br>रा.न.पा ५ | शहिदपार्क भवन जिर्ण भएको छ, मर्मत कसले गर्ने ?<br>रामतुलसी माविमा ध्यान किन गएन ? | शिक्षा शाखा | मेयर छात्रवृती चलिरहेको छ । सहयोग निरन्तर हुन्छ । साना विद्यालयहरुमा अनुदान र प्रोत्साहन गरेका छौं । |
| १४ | प्रकाश ज्ञवाली, | नीजि घर निर्माणको लागि सडकछेउमा निर्माण सामाग्री छन् त्यसतर्फ ध्यान जानुपर्छ ।<br>ठेक्का नगएको ठाउँबाट नगरप्रहरीले | विक्रम वस्नेत, योजना शाखा प्रमुख | गिटी बालुवाको सम्बन्धमा ठेक्का खोल्दा नगएपछी नगरप्रहरीको रेखदेखमा ईआई प्रतिवेदनको आधारमा काम गरिएको । अहिलेसम्म, ३०८ योजना सम्झौता भएको, ७० वटा मात्र बाँकी छन् । अन्तिम पटक पौष १६ सम्म म्याद थप गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | रकम उठाउने गरेको सुनिएको छ । | | १ र ९ वडामा वडामै गएर सम्झौता तथा खाता खोल्ने काम भएको थियो । आगामी वर्ष वडामै गएर सम्झौता गर्ने योजना बनाएका छौं । |
| १५ | जिवननाथ ढुङ्गाना | दुध तथा अन्य कृषिजन्य उत्पादनमा उत्पादन अथवा ढुवानीमा अनुदानको व्यवस्था गर्नुपरो । | नारायण गैरे, कृषि शाखा | दुध लगायतको कृषिजन्य उत्पादनमा प्रदेश तथा भेटेनरीबाट अनुदान दिइएकोले दोहोरो भुक्तानी गर्न नमिल्ने भएकोले । |
| १६ | शंकर प्रसाद श्रेष्ठ | स्वास्थ्य संस्थाहरुको अनुगमन लामो समयदेखी हुन सकेको छैन् । किन ? | गिरीराज घिमिरे, स्वास्थ्य शाखा | २० वटा सरकारी स्वास्थ्य सस्था छन् । ३० वटा जती नीजि तथा नाफामूलक स्वास्थ्यसस्था छन् । स्थानीय सरकारले १५ शैया सम्मको स्वास्थ्य सस्थालाई दर्ता र नियमन गर्न पाउने व्यवस्था अनुसार, हामीले २०७७ मा कार्यविधी वनायौं । अन्य निकायमा दर्ता भएका सस्थाहरुलाई हाम्रो मातहतमा दर्ता र नविकरणमा पुरयाएका छौं । नियमन र अनुगमनमा विभिन्न पक्षहरुलाई आधार बनाएर जाने तयारीमा छौं । विज्ञ टोली बनाएर अनुगममन गर्दै छौं । अहिलेसम्म ती सस्थाहरुलाई नियमन गर्न कार्यविधी र दर्ताका कारण ढिलाई भएको थियो । |
| १७ | आकाश भट्राई | प्रादेशिक अस्पताल, रामपुर अस्पतालमा सधै केहि न केही समस्या आउँछन् यस्तो किन ? | गिरीराज घिमिरे, स्वास्थ्य शाखा | रामपुर नगरपालिका प्रदेश अर्न्तगत रहेकोले हामीले व्यवस्थापन गरेका छैनौं तर हाम्रा नागरिकलाई अप्ठेरो परेकोले हामीले यसको मर्मतका लागि अस्पताललाई भनेका छौं । |
| १८ | **लिखित प्रश्नहरु :** | | | |
| १९ | नाम उल्लेख नभएको | सार्वजनिक सुनुवाई कार्यक्रम अन्यवडाहरुलाई पनि पायक पर्ने गरी वडातहमै राख्न पाए हुने | कपिल वहादुर खाँड, प्रवक्ता | यो आर्थिक वर्षको लागि ३ वटा गर्ने भन्ने छ । पक्कै पनि यहाँहरुको सुझावलाई मनन गरी सके यही आर्थिक वर्षबाटै वडातहसम्म पुग्नेछौं । |
| २० | | नगरपालिकाले गरेका कामहरु स्वागतयोग्य छन् ।तर विउ र विरुवा दिदा समयमै दिनुपरो । | नारायण गैरे, कृषि शाखा | विउ, विजन र वोटविरुवाहरु ढिला आएको भए सच्याएर समयमै गराउछौं । विउविजन आएको छ, छिटटै सुरु गर्छौं ।<br>कृषि शाखाले आफ्नो निर्धारित सबै कामहरु गरेको छ । यसले खासगरी साना किसान प्रोत्साहनको लागि प्रविधि, सीप, विउविजन, प्राविधिक सहयोग, वाली उत्पादन र संरक्षण लगायतका काम गरेका छौं । |
| २१ | समिर पौडेल | कृषियोग्य जमिनलाई उत्पादन बढाउने कार्यक्रमहरु ल्याउनुपरो । | नारायण गैरे, कृषि शाखा | रामपुरमा, कृषि योग्य जमिन ४ हजार ९ सय ११ हेक्टर, खेतिभएको २४ सय हेक्टर, बाझो २५ सय हेक्टर छ । कृषि शाखाले आफ्नो निर्धारित सबै कामहरु गरेको छ । यसले खासगरी साना किसान प्रोत्साहनको लागि प्रविधि, सीप, विउविजन, प्राविधिक सहयोग, वाली उत्पादन र संरक्षण लगायतका काम गरेका छौं । |

## कार्यक्रमको झलक (तस्विरमा)





